# अर्थमन्त्रालयको सूचना

भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने भारतीय मालहरू फेरि भारत निकाशी गर्न मनाहीछ, कसैले निकाशी गरेको पक्राउ भएमा सो माल जफत हुनेछ।

## भारतमा अन्तःशुल्क लाग्ने भारतमा तयार गरिएका वा उत्पादन गरिएका केही चिजहरू

१. मट्टीतेल।
२. सलाई।
३ मेकानिकल लाइटर।
४. मोटर स्पीरिट।
५. नून।
६. चाँदी।
७. इस्पातको साँफला।
८. चिनी।
९. (क) सुर्ती, (ख) सिगार, (ग) चुरोट।
१०. टायर।
११. बनस्पति पदार्थ— शुद्ध वा मिश्रित घिउ, तेल, बोसो आदि
१२. कपडा।

शुद्ध वा अरू पदार्थसित मिश्रित कुनै सूती कपडा। तर निम्नलिखित कपडामा अन्तःशुल्क लाग्दैनः—

(क) धोती र सारीबाहेक तयारी कपडा।

(ख) होजियरी माल (गन्जी, मोजा इत्यादि)।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) साधारणतः किताब जिल्द हाल्न प्रयोग हुनेले दर क्लथ वा घटी दर्जाको वा नकली लेदर क्लथ।

(घ) ट्रेसिंग पेपर।

(ङ) सूती र ऊनी मिश्रित कपडा, जसमा तौलबाट शयकडा ४० वा सो-भन्दा बढी ऊन परेको छ।

(च) रबर वा नक्कली रबरको एक सूते वा दुइ सूते वाटर प्रुफ।

(छ) हाएण्ड लु कपडा।

(ज) तल लेखिएका दागी वा टुक्राटाक्री धेरै मिही, मिही, झफौला र कोरा कपडामा पनि अन्तःशुल्क लाग्दैन:—

(१) छिन्दी नौ इञ्च वा त्यसभन्दा कमका कपडा।

(२) न्याप नौ इञ्च भन्दा बढी, तर एक गजभन्दा कमका कपडा।

(३ फेन्ट धोती सारीलगायतका एक गज वा सोभन्दा बढी, तर तीनगज-भन्दा बढी र तीनगज भन्दा बढी नभएका टुक्रा कपडा (धोती वा सारीका टुक्राबाहेक)।

(४) १२ इञ्च भन्दा बढो गज नभएका सबै किसिमका कपडा।

(५) तल लेखिएका खुद्रा व्यापारको निमित्त बनाइएका चौबीस इञ्चभन्दा बेसी लम्बाई नभएका कपडा।

(अ) न्याप्कीन,(आ) डस्तर, (इ)स्वाब, (उ) ट्रे क्लथ, ए) हाते रुमाल

(६) खुद्रा व्यापारको निमित्त बनाइएका रुमाल वा बाथ म्याट

(७) किताबमा जिल्द हाल्ने कपडा।

१३. कफी।

१४. चिया।

१५ कोइला, कोक

१६ गरियल (कोपा)।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. भारतभित्रका कुनै "कोल कारखानामा तेलइनबाट पेलिएको तेल, तेलइन भनेर नखिल लिइँदैन"।

१८, रबर

१६. (क) मानिसले उपभोग गर्ने मादक पदार्थ।

(ख) अफिम, हिन्दुस्थानी गाँजा, अरु लागु औषधी र लागु नहुने औषधी

(ग) माथि (ख) मा लेखिएका मादक वा अरु चीज मिली बनेका औषधी वा ट्वाइलेट (शृंगार) सम्बन्धित वस्तुहरू।

२० रेयन (अलपक्का) वा नक्कली रेशमका सूत।

२१ सिमेन्ट।

२२. पाउपोस (जुत्ताका माल इत्यादि)।

२३. साबुन

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।